## आ.व. २०७९/८० को नवौ कार्यपालिका बैठक

आज मिति २०७९।०७।२३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, नगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |

सदस्य सचिव श्री नेब बहादुर वली, राप्ती गाउँपालिका।

### आमन्त्रित

श्री जीवराज पौडेल, पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत

श्री विश्वास वि.क. शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री सिमा भट्ट, ~~मसेप्रा~~ स.

श्री शेर बहादुर हमाल रिजाल, ~~प्रा स~~ प.से.प्रा.

श्री सुवास भट्टराई

श्री नारायण राउत, (स्वास्थ्य शाखा संयोजक

श्री सिता पौडेल ( सहायक पाचौं )

## प्रस्तावहरु

१. यस अघिका कार्यपालिका बैठक निर्णयको कार्यान्वयन सम्बन्धमा ।

२. राप्ती गाउँपालिकाको मूख्य बजार क्षेत्र र राजमार्ग आसपासका क्षेत्रमा अधिकतम घर भाडा दर निर्धारण गर्ने सम्बन्धमा ।

३. प्रदेश संसद सचिवालयलाई भवन तथा जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

४. तरकारी विकास पकेट कार्यक्रम संचालन सम्बन्धमा ।

५. भुमी सेवामा कार्यरत करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

६. छात्रवृति छनौट तथा सिफारिस समितिको सदस्य मनोनयन सम्बन्धमा ।

७. छात्रवृति कोटा निर्धारण सम्बन्धमा ।

८. विविध

प्रमाणित गर्दछु ।

... बहादुर वली
... अधिकृत

**उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।**

निर्णय नं. १ – यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको बारेमा समिक्षा गरी कार्य हुन बाँकी निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं.२- राप्ती गाउँपालिकाको मूख्य बजार क्षेत्र र राजमार्ग आसपासका क्षेत्रमा अधिकतम घर भाडा दर देहाय बमोजिम तोक्ने निर्णय गरियो ।

- Attached र Compound Wall दुवै भएको घरको हकमा प्रति कोठा कर बाहेक रु ३००० ।-
- Attached नभएको र Compound Wall भएको घरको हकमा प्रति कोठा कर बाहेक रु २८०० ।-
- Attached र Compound Wall दुवै नभएको घरको हकमा प्रति कोठा कर बाहेक रु २२०० ।-

निर्णय नं.३ - नव ज्योती आधारभुत विद्यालय श्रीचौरको भवन तथा परिसर क्षेत्र संरचना प्रदेश संसद सचिवालयलाई उपलब्ध गराउने ।

निर्णय नं.४ - कृषि विकास कार्यक्रम कार्यसंचालन कार्यविधि, २०७९ बमोजिम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको राप्ती गापा कृषि विकास शाखाबाट आ व ०७९।८० मा संचालित तरकारी विकास पकेट कार्यक्रम संचालनको लागि पहिलो पटक मिति २०७९।०५।२६ र दोस्रो पटक २०७९।०६।०९ गते खोलिएको सूचनामा जम्मा २ जना प्रस्तावनाहरु परेकोमा प्राविधिक समितिले गरेको अनुगमन मूल्याङ्कन अनुसार मापदण्ड पुगेको/नपुगेको हेर्दा नव प्रतिभा कृषि सहकारी संस्था लि. राप्ती ६ पकेट विकास कार्यक्रम संचालन कार्यविधिको मापदण्ड बमोजिम पुगेको देखिएको हुदाँ उक्त सहकारी संग सम्झौता गरी कार्यक्रम अगाडी बढाउने ।

निर्णय नं.५ - भूमि सेवा केन्द्रमा करार सेवामा कार्यरत कर्मचारीहरुको २०७९ आश्विन मसान्तमा करार अवधी समाप्त भएकोमा २०७९ पौष मसान्तसम्म सम्झौता नविकरण गर्ने ।

निर्णय नं.६- राप्ती गाउँपालिकाको छात्रवृती वितरण सम्बन्धी कार्यविधि २०७९ को परिच्छेद ४ को दफा ८ बमोजिम छात्रवृति छनौट तथा सिफारिस समितिको लागि कार्यपालिका सदस्य मध्येबाट चम्फा भुसाललाई समिति सदस्य तोक्ने ।

निर्णय नं.७- राप्ती गाउँपालिकाको छात्रवृत्ती वितरण सम्बन्धी कार्यविधि २०७९ बमोजिम छात्रवृत्ती मध्ययम तथा उच्चस्तरिय प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले निम्नानुसार छात्रवृत्ती कोटा निर्धारण गरी निम्नानुसार प्रदान गर्ने गरी सिफारिस प्राप्त भएकोले उक्त निर्णय कार्यान्वयनका लागि स्वीकृति प्रदान गर्ने ।

तपसिल

| क्र.स. | छात्रवृत्ति सम्बन्धी विवरण | तह | वर्ष | संख्या | प्रदान गरिने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि | डिप्लोमा तह | ३ वर्ष | ५ | १- विपन्न, १- दलित, १- शहिद,घाईते, बेपत्ता, अपाङ्गता परिवारका बालबालिका, १- मुक्त कमलरी तथा मुक्त कमैया, १- जेहेन्दार | आदर्श मा वि लालमटिया |
| २ | फार्मेसी | डिप्लोमा तह | ३ वर्ष | २ | विपन्न, दलित, शहिद,घाईते, बेपत्ता, अपाङ्गता परिवारका बालबालिका, मुक्त कमलरी तथा मुक्त कमैया, जेहेन्दार | |
| ३ | विएसी. एजी. | स्नातक तह | ४ वर्ष | १ | | |
| ४ | वि भि एस्सी एण्ड ए एच | स्नातक तह | ४ वर्ष | १ | | |
| ५ | विएसी. नर्सिङ | स्नातक तह | ४ वर्ष | १ | | |
| ६ | वि.इ. | स्नातक तह | ४ वर्ष | १ | | |
| ७ | वि.डि.एस. | स्नातक तह | ४ वर्ष | १ | | |
| ८ | वि.पि.एच. | स्नातक तह | ४ वर्ष | १ | | |
| | जम्मा | | | १३ | | |

निर्णय नं. ८- राप्ती गाउँपालिकाबाट शैक्षिक सत्र २०७९ देखि लागु हुने गरी निम्नानुसारका विषयमा मध्ययम तथा उच्चस्तरिय प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले निम्नानुसार छात्रवृत्ती कोटाका लागि रकम निर्धारणका लागि राप्ती गाउँपालिकाको छात्रवृत्ती वितरण सम्बन्धी कार्यविधि २०७९ बमोजिमको समितिबाट सिफारिस प्राप्त भएकोले उक्त रकम स्वीकृत गर्ने र आगामी आ.व. मा यस शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने मिलाउने ।

तपसिल

| क्र.स. | प्रदान गरिने छात्रवृत्ति सम्बन्धी विवरण | तह | वर्ष | लागत प्रति विद्यार्थी | संख्या | प्रदान गरिने रकम | पालिकाबाट प्रदान गरिने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि | डिप्लोमा तह | ३ वर्ष | १५०००० | ५ | ७५०००० | ७५०००० |
| २ | फार्मेसी | डिप्लोमा तह | ३ वर्ष | ७०००० | २ | १४०००० | १४०००० |
| ३ | विएसी. एजी. | स्नातक तह | ४ वर्ष | १०००००० | १ | १०००००० | ५००००० |
| ४ | वि भि एस्सी एण्ड ए एच | स्नातक तह | ४ वर्ष | १५००००० | १ | १५००००० | ७५०००० |
| ५ | विएसी. नर्सिङ | स्नातक तह | ४ वर्ष | १२००००० | १ | १२००००० | ६००००० |
| ६ | वि.इ. | स्नातक तह | ४ वर्ष | १०००००० | १ | १०००००० | ५००००० |
| ७ | वि.डि.एस. | स्नातक तह | ४ वर्ष | २०००००० | १ | २०००००० | १०००००० |
| ८ | वि.पि.एच. | स्नातक तह | ४ वर्ष | १०००००० | १ | १०००००० | ५००००० |
| जम्मा | | | | ७९२०००० | १३ | ८५९०००० | ४७४०००० |

निर्णय नं ९- राप्ती गाउँपालिकाको छात्रवृत्ती वितरण सम्बन्धी कार्यविधि २०७९ बमोजिमको छात्रवृत्ती छनौट तथा सिफारिस समितिबाट मिति २०७९।०७।२३ गतेको बैठकबाट भएका निर्णयबाट सिफारिस भएका निर्णयहरुको स्वीकृत गर्ने ।

निर्णय नं.१०- राप्ती गाउँपालिका र नेफ्स्कुन नेपाल बचत ऋण केन्द्रीय सहकारी संघ लि वीच सम्झौता गरी आधारशिला कार्यक्रम संचालन गर्ने ।